# नेपालगन्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**क्यान्टिन भाडामा दिने सम्वन्धि सूचना।**

**(प्रथमपटक प्रकाशित मिति : २०७८/०४/१२ गते)**

यस कार्यालयको परिसरभित्र बनेको नयाँ क्यान्टिन भाडामा संचालन गर्नको लागि तपसिलका शर्तका अधिनमा रहने गरी भाडामा लिन चाहने ईच्छुक व्यक्ति, व्यवसायिक फर्म, संघ संस्थाहरुलाई १५ (पन्ध्र) दिने शिलबन्दी निवेदन पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ।

**<u>तपसिल :</u>**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ, साथै प्रस्ताव स्वीकृत भएमा यस कार्यालयबाट अनिवार्यरुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिनुपर्नेछ।

२.प्रस्ताव फारम दस्तुर प्रति सटर रु.५००।-(फिर्ता नहुने गरी) तिरी कार्यालयबाट उपलब्ध हुनेछ।

३.प्रस्ताव साथ यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग- ४१३०१००३०३००००२ मा कवोल गरेको न्यूनतम एक महिनाको भाडा वरावरको हुने रकम जम्मा गरी सक्कल भौचर समेत पेश गर्नुपर्नेछ।

४.न्यूनतम मासिक प्रतिसटर रु.५,०००।-(अक्षरुपी पाँच हजार ।)।

५. सम्झौता अवधि सम्झौता भएको मितिले २ वर्षको हुनेछ।

७. क्यान्टिनमा धम्रपान तथा मद्यापन निषेध गर्नुपर्नेछ।

८. क्यान्टिनको भाडा प्रत्येक महिनाको १ गते अनिवार्य बुझाउनु पर्नेछ। उक्त मितिमा दाखिला नगरेमा प्रति दिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ। एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटी रकमबाट कट्टा गरि असुल उपर गरी कार्यालयबाट क्यान्टिन खाली गराईनेछ।

९.प्रस्ताव स्वीकृत भएका व्यक्ति तथा फर्महरुले अरु कसैलाई क्यन्टिन हस्तान्तरण गर्न पाउने छैन। क्यान्टिन सञ्चालनको लागि आवश्यक न्यनतम फर्निचरको व्यवस्था उपमहानगरपालिकाले उपलब्ध गराउनेछ, थप फर्निचरको व्यवस्थापन भाडावाला स्वयंले गर्नुपर्नेछ।

१०. क्यान्टिन खाली गर्ने सम्बन्धमा दुवैपक्षले एक महिना अगावै जानकारी गराउनुपर्नेछ, जानकारी नदिई खाली गर्न/गराउन चाहेमा एक पक्षले अर्को पक्षलाई २ महिना वरावरको भाडा रकम क्षतिपूर्तिवापत दिनुपर्नेछ।

११.सम्झौता अवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालना गर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ।

१२.प्रस्ताव स्वीकृत भैसकेपछि मासिक कवोल अंकको थप २ महिना वरावरको रकम उपमहानगरपालिकाको धरौटी खातामा राख्नुपर्नेछ।

१३.क्यान्टिन भाडामा लिने पक्षले जुन अवस्थामा बुझेको हो सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा बुझाउनुपर्नेछ, अन्यथा नोक्सानीको विवरण वमोजिम क्षतिपूर्ति भराई धरौटी रकम फिर्ता दिईनेछ।

१४.प्रस्ताव स्वीकृत भएपछि यस कार्यालयमा व्यवसाय दर्ता गरि नियमित व्यवसाय नविकरण, वहाल कर,पानी र विजुलीको विलको रकम भाडावाला स्वयंले बुझाउनु पर्नेछ।

१५.प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिन भित्र धरौटी रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नु पर्नेछ। म्याद भित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटी जफत गरी अन्यका नाममा न्यूनतम भन्दा क्रमश: बढि कबोल अंक भएका प्रस्ताववालाका नाममा स्विकृत भैजानेछ।

१६. कुनै पनि शर्त राखेको प्रस्ताव स्वीकृत हुने छैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वत: अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको।

ग) प्रस्ताव साथ नियमानुसार राख्नु पर्ने धरौटी नराखेको

१७. प्रस्ताव दाखिल गर्नु पर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले १६औं दिन कार्यालय समयभित्र।

१८. प्रस्ताव खोलीने मिति र स्थान:- सूचना प्रकाशित भएको मितिले १७ औ दिन ने.ग.उ.म.न.पा.का. कार्यालयमा समय भित्र।

१९.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२१. यस सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।